# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १६

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन ८ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम) लाई समय दिनुहुँदा उहाँले सेक्युरिटी प्रिन्टीङ्ग प्रेस खरिद प्रक्रियामा नेपाल सरकारका सञ्चार तथा प्रविधि मन्त्री र विजय प्रकाश मिश्रबीच ७० करोड बराबरको लेनदेन गर्ने कुरा चलेको अडियो टेप सार्वजनिक भएकोतर्फ प्रमुख प्रतिपक्षीको गम्भिर ध्यानाकर्षण भएको जानकारी गराउँदै भ्रष्टाचार विरुद्ध कडा कदम चाल्ने सम्माननीय प्रधानमन्त्रीको प्रतिवद्धता उहाँकै मन्त्रिपरिषद् सदस्यबाट उल्लघंन भएको विषयमा प्रधानमन्त्रीले सदनमा जवाफ दिनुपर्ने, सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई तत्काल बर्खास्त गरी भ्रष्टाचार कसूरमा कारवाही अगाडि बढाई निष्पक्ष छानविन गर्नुपर्ने भन्नुहुँदै यस सम्बन्धमा सदनलाई चित्तबुझ्दो जानकारी नगराएसम्म आजको सदनको कारवाहीमा प्रतिपक्षले सहयोग गर्न नसक्ने जानकारी गराउनुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले राख्नुभएको विषयले सदनमा प्रवेश पाइसकेको, सदनलाई जानकारी भैसकेको, सरकारको समेत ध्यानाकर्षण भैसकेको भन्नुहुँदै सम्बन्धित मन्त्रीबाट समेत राजीनामा दिइने अनौपचारिक जानकारी आएकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक २०७६ साल फागुन १३ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन १३ गते मंगलबार दिनको १:०० बस्नेगरी दिनको ३:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव